के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ८४ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७९ चैत २५ गते शनिबार ❑ 8 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

शान्ति प्रक्रियाका बाँकी काम दुई वर्षभित्र टुङ्गोमा पुर्‍याउँछौँ : प्रधानमन्त्री दाहाल

पोखरापत्र संवाददाता
गोरखा, २४ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले शान्ति प्रक्रियाका बाँकी काम दुई वर्षभित्र टुङ्गोमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । नेकपा (माओवादी केन्द्र) गोरखाले आज आयोजना गरेको पार्टी कार्यकर्ता भेटघाटमा अहिलेको गठबन्धनले नै लामो समयदेखि थाती रहेको शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउने विश्वाससमेत व्यक्त गर्नुभयो ।

“अहिलेको १० दलीय गठबन्धनमा दुई वर्षभित्रमा शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउने सहमति भएको छ”, उहाँले भन्नुभयो, “हामी छिट्टै सबै दलको सहमतिमा शान्ति प्रक्रियालाई ठोस निष्कर्षमा पुर्‍याउनेछौँ ।” उहाँले सरकारको एक सय दिनको कामले देशमा विकास र समृद्धिको आधार खडा भएको बताउनुभएको छ । एक सय दिनमा सामाजिक न्याय, सुशासन र विकास थालनीका लागि थुप्रै काम प्रारम्भिक रूपमा अघि उहाँको भनाइ छ ।

“अहिले चमत्कार जस्तो नदेखिए पनि सय दिनको कामले गुणात्मक सुधारका निम्ति, प्रगतिका लागि आधार खडा गरेको छ”, प्रधानमन्त्री दाहालले भन्नुभयो, “मलाई गर्व छ मैले छोटो अवधिमा राजनीतिक उतारचढावका बीचमा पनि देश र जनतालाई सकारात्मक दिशा दिने अवसर प्राप्त भयो ।”

उहाँले जनताले सवारी चालक अनुमति पत्र, पासपोर्ट वा अन्य सेवा प्राप्त गर्दा भोगिराखेका भन्झट र विदेशमा रहेका लाखौँ नेपालीलाई सामाजिक सुरक्षासँग जोड्ने कुराको थालनी गर्नु सरकारको प्रारम्भिक चरणको महत्वपूर्ण कदम भएको उल्लेख गर्नुभयो ।

उहाँले आफू प्रधानमन्त्री हुँदै गर्दा विदेशी मुद्राको सञ्चिति गम्भीर अवस्था रहेको भए पनि केही नीतिगत र प्रक्रियागत निर्णयले अहिले विदेशी मुद्राको सञ्चिति पहिलेभन्दा गुणात्मक रूपमा वृद्धि भएको उल्लेख गर्नुभयो । आफूले सरकारको नेतृत्व गरेदेखि नै सामाजिक न्याय, सुशासन र समृद्धिलाई अगाडि बढाउने सङ्कल्प गर्दै आएको भन्दै त्यसअनुसार मन्त्रिपरिषद्को पहिलो बैठकदेखि नै जनतामा आशा जगाउने काम हुँदै आएको उहाँको भनाइ थियो ।

प्रधानमन्त्री दाहालले सरकारले ल्याउने नयाँ नीति तथा कार्यक्रम परम्परागत ढङ्गको बनाएर नहुने भन्दै नयाँ ढङ्गको बनाउने गरी गठबन्धन दलमा छलफल भइसकेको बताउनुभयो । उहाँले सरकारले भर्खरै मात्र ल्याएको साझा नीति तथा कार्यक्रममा एमालेले सरकारलाई समर्थन दिँदा बनाइएको नीति तथा कार्यक्रमसहितलाई समेटेर सार्वजनिक गरिएको जानकारी दिनुभयो ।

संविधान, देश र जनतालाई सर्वोपरि बनाउँदै सेवा प्रवाहमा लाग्नुपर्नेमा जोड

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले संविधान, देश र जनतालाई सर्वोपरि बनाउँदै सेवा प्रवाहमा लाग्नुपर्नेमा जोड दिनुभएको छ ।

सशस्त्र प्रहरी जवान आधारभूत तालिम सि.सं.२३५(घ) र (ङ) सम्पन्न गरेका सशस्त्र प्रहरी जवानहरूका लागि शुक्रबार पोखराको लामापाटनमा आयोजित दीक्षान्त समारोहमा उहाँले सशस्त्र प्रहरी बलको गरिमालाई उचो राख्ने गरी कर्तव्यनिष्ठ ढङ्गले कार्यक्षेत्रमा लाग्न आग्रह गर्नुभयो ।

तालिमका उपलब्धिलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिँदै अतिरिक्त महानिरीक्षक पौडेलले तन, मन र वचनका साथ नागरिकको सेवा र सुरक्षामा लाग्न सुझाव दिनुभयो । अनुशासन र धैर्यतालाई प्रत्येकले आफ्नो कार्यक्षेत्रमा उतार्नेमा विश्वास व्यक्त गर्दै उहाँले कार्यक्षेत्र अवसर र चुनौतीको सङ्गमस्थल भएको धारणा पनि व्यक्त गर्नुभयो । कूल एक सय ५१ जना दीक्षित भएको उक्त समारोहमा उत्कृष्ट भएकालाई पुरस्कृत गरिनाका साथै कवाजलगायत विभिन्न प्रदर्शन गरिएको थियो ।

पोखरामा फेवा नववर्ष महोत्सव हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

होटल सङ्घ पोखराको आयोजनामा ‘१८ औं फेवा नववर्ष महोत्सव’ हुने भएको छ ।

सङ्घले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी यही चैत २९, ३० र वैशाख १ मा पोखरामा महोत्सव आयोजना गर्न लागेको जानकारी दिएको हो । होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले कोभिड-१९ लगायतका कारणबाट प्रभावित पर्यटन व्यवसायको पुनरुत्थान गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताउनुभयो । उहाँले नयाँ वर्षमा पोखरा जाने पर्यटकलाई लक्षित गरी होटल बुकिङमा २० प्रतिशत छुट दिएको बताउनुभयो । “कोरोनाबाट प्रभावित पर्यटन बिस्तारै सकारात्मक हुँदै गएका अवस्थामा पछिल्लो समयमा पोखरामा भएको यति एयर लाइन्सको विमान दुर्घटना र पृथ्वी राजमार्गको अव्यवस्थित तथा सुस्त गतिको स्तरोन्नतिले पर्यटन आगमनमा असर परेको छ”, उहाँले भन्नुभयो ।

अध्यक्ष सुवेदीले आन्तरिक पर्यटन प्रवर्द्धन गरी पोखराको पर्यटनलाई चलायमान बनाउन होटल सङ्घ पोखरा लागेको बताउनुभयो । बैंक तथा वित्तीय संस्थाका तर्फबाट एकतर्फी रूपमा बढाइएको ब्याजदरका कारण होटल क्षेत्र धराशयी बन्दै गएको उहाँको भनाइ छ ।

“अहिलेको पर्यटकीय यामको ९० प्रतिशत वरपर ‘अकुपेन्सी’ हुनुपर्ने हाम्रा होटलमा क्षमताको २० प्रतिशत हाराहारी मात्र पर्यटक हुनु दुर्भाग्य हो”, अध्यक्ष सुवेदीले भन्नुभयो ।

होटल सङ्घ नेपालका द्वितीय उपाध्यक्ष प्रवीनबहादुर पाण्डेले नेपाल सरकारले पर्यटक भित्र्याउनका लागि विशेष पहल गर्नुपर्ने बताउनुभयो । पर्यटन क्षेत्रको प्रवर्द्धन लागि राज्य र व्यवसायी एकाकार भएर अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो । होटल सङ्घ पोखराका पूर्वअध्यक्ष भरतराज पराजुलीले नेपाली नयाँ वर्षका बारेमा विदेशीलाई चिनाउनका लागि नयाँ वर्ष पारेर महोत्सव आयोजना गरिएको जानकारी दिनुभयो । पोखराको लेकसाइडस्थित फिस्टेल गेटदेखि हल्लनचोकसम्मको सडकमा महोत्सव आयोजना हुने उहाँको भनाइ छ ।

महोत्सवमा विभिन्न सांस्कृतिक कार्यक्रम, विभिन्न खानाका परिकारको स्वाद लिन पाइने होटल सङ्घ पोखराले जनाएको छ ।

मानसिक स्वास्थ्य सेवा थप्न माग

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मानसिक एवं मनोसामाजिक स्वास्थ्य समस्या भएका बिरामीका लागि अन्तरङ्ग सेवा थप्न माग गरिएको छ ।

मानसिक स्वास्थ्यलगायत सामाजिक क्षेत्रमा क्रियाशील सङ्घसंस्थाले प्रतिष्ठानका निर्देशक डा भरतबहादुर खत्रीलाई ज्ञापनपत्र बुझाउँदै सो सेवा थप्न माग गरेका हुन् । प्रतिष्ठानमा मानसिक रोगका लागि बहिरङ्ग सेवामात्र उपलब्ध छ तर अन्तरङ्ग सेवा नहुँदा भर्ना गरेर उपचार गर्नुपर्ने बिरामी निजी अस्पताल धाउनुपर्ने बाध्यता छ ।

सरकारी अस्पतालमा अन्तरङ्ग सेवा नहुँदा आर्थिक अवस्था कमजोर भएका तथा जेष्ठ नागरिकलाई मानिसक रोगको उपचार गर्न समस्या भएकाले निजी अस्पताल, पुनःस्थापना केन्द्र र मानवसेवा आश्रममा जानुपर्ने बाध्यता रहेको ज्ञापनपत्रमा उल्लेख छ ।

इन्सेक, कोसिस, कोपिला नेपाल, शक्ति समूह आदि संस्थाले यसअघिदेखि नै प्रतिष्ठानमा मानसिक स्वास्थ्य सेवा थप्न माग गर्दै आएका छन् । ज्ञापनपत्रमा यथाशक्य चाँडो अस्पतालमा अन्तरङ्ग सेवा सुरु गर्न माग गरिएको छ । प्रतिष्ठानका निर्देशक डा खत्रीले छुट्टै भौतिक संरचना बनाएर मानसिक स्वास्थ्य सेवा प्रवाह गर्ने तयारी भइरहेको बताउनुभयो । उहाँले प्रतिष्ठानमा मानसिक तथा मनोसामाजिक स्वास्थ्य सेवा विस्तार गरिने प्रतिबद्धता जनाउनुभयो ।

जनस्वास्थ्य ऐन, २०७५ मा प्रत्येक व्यक्तिलाई मानसिक रोगसम्बन्धी सेवाको पहुँच हुनुपर्ने उल्लेख छ । नेपाल राष्ट्रिय अनुसन्धान परिषद्को अनुसन्धान प्रतिवेदनअनुसार गण्डकी प्रदेशका १० दशमलव सात प्रतिशत व्यक्तिमा मानसिक समस्या भएको देखिन्छ ।

राजस्व सङ्कलन लक्ष्यअनुसार हुन सकेन : अर्थमन्त्री डा महत

रासस
काठमाडौं, २४ चैत

अर्थमन्त्री डा प्रकाशशरण महतले राजस्व सङ्कलन लक्ष्यअनुसार हुन नसकेको बताउनुभएको छ । आर्थिक पत्रकार सङ्घ (नाफिज)सँग शुक्रबार भएको भेटमा उहाँले आयात प्रतिवन्ध, कोरोना महामारी, भूकम्प र अन्तर्राष्ट्रिय परिवेशको असरले मुलुकको राजस्व सङ्कलन लक्ष्यअनुसार हुन नसकेको बताउनुभयो ।

“प्रत्येक वर्ष सरकारले जिडिपी र अर्थतन्त्रका अन्य सूचकभन्दा राजस्वको लक्ष्य बढी राखे पनि लक्ष्य प्राप्त हुँदै आएकोमा चालू आवमा लक्ष्य पूरा नहुने अवस्था रहेको छ,” उहाँले भन्नुभयो । आन्तरिकरुपमा लगानी वातावरणको समस्या, बैङ्क तथा वित्तिय क्षेत्रको ब्याजदर उच्च भएको कारण अर्थतन्त्रमा समस्या देखिएको उहाँको भनाइ थियो ।

अर्थमन्त्री डा महतले मौद्रिक नीतिका उपकरण प्रयोग गरी बैङ्क तथा वित्तिय क्षेत्रका समस्या समाधान गरी लगानीको वातावरण बनाउने पक्षमा राष्ट्र बैङ्कसँग निरन्तर छलफल भइरहेको स्पष्ट पार्नुभयो । अर्थतन्त्रको अवस्थाको विषयमा जनतालाई सकारात्मक सन्देश दिन आवश्यक रहेको उहाँको भनाइ छ । अर्थमन्त्री डा महतले सरकारले साधारण खर्चमा अत्याधिक मितव्ययिता अपनाउँदै पूँजीगत खर्च बढाउने पक्षमा सरकार रहेको बताउनुभयो । आगामी बजेट निर्माण गर्दा मन्त्रालयगत धेरै आयोजनाको माग आएपनि प्राथमिकताको आधारमा बजेटमा समेट्ने उहाँको भनाइ छ ।

पत्रकार महासंघ कास्कीले सम्मान गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

नेपाल पत्रकार महासंघ कास्कीले पोखरामा क्रियाशील चार जना पत्रकारसहित एक संस्थालाई सम्मान गर्ने निर्णय गरेको छ ।

महासंघको शुक्रबार सम्पन्न बैठकले पत्रकारितामार्फत समाज, राष्ट्र, लोकतन्त्र र महासंघको संस्थागत विकासमा योगदान पुर्‍याउने पत्रकार र संस्थालाई सम्मान गर्ने निर्णय गरेको महासंघका सचिव माधव बरालले जानकारी दिए । जसअनुसार पत्रकार महासंघद्वारा स्थापित पोखरा पत्रकारिता सम्मान २०७७ बाट अग्रज पत्रकार नवीन सिग्देल र संस्थागत सम्मान २०७८ बाट लक्ष्मी हाउसलाई सम्मान गर्ने निर्णय गरेको हो । महासंघका पूर्व अध्यक्ष बद्रीविनोद प्रतीक संयोजक, पत्रकारहरु श्याम कुँवर, यादुनाथ बञ्जरा सदस्य तथा महासंघका अध्यक्ष विमला भण्डारी र सचिव माधव बराल पदेन सदस्य रहेको प्रतिभा छनोट समितिले गरेको सिफारिसलाई महासंघको बैठकले अनुमोदन गरेको हो । पत्रकार सिग्देललाई नगद ३५ हजार रुपैयाँ र सम्मानपत्रले सम्मान गरिनेछ ।

यसैगरी टङ्कादेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कार २०७८ बाट पत्रकार भूपाल गुरुङलाई सम्मान गरिने भएको छ । महासंघका निवर्तमान अध्यक्ष दीपेन्द्र श्रेष्ठ संयोजक, पत्रकार नवराज सुवेदी र राजबहादुर गुरुङ सदस्य तथा महासंघका अध्यक्ष भण्डारी र सचिव बराल पदेन सदस्य रहेको प्रतिभा छनोट समितिको सिफारिसमा पत्रकार गुरुङलाई सम्मान गर्ने निर्णय भएको हो । पुरस्कारको राशि २० हजार १११ रुपैयाँ र सम्मानपत्र रहेको छ । यस्तै, जगन्नाथ सिग्देल युवा प्रोत्साहन पुरस्कार २०७८ बाट पत्रकार गौरव त्रिपाठी र २०७९ बाट पत्रकार दुर्गा रानालाई पुरस्कृत गरिने भएको छ । प्रेस स्वतन्त्रता सेनानी कुशुम केशव पराजुली संयोजक, पत्रकार रमेश पौडेल र दुर्गा अधिकारी सदस्य तथा महासंघका अध्यक्ष भण्डारी र सचिव बराल पदेन सदस्य रहेको प्रतिभा छनोट समितिको सिफारिसमा महासंघले त्रिपाठी र रानालाई सम्मान गर्ने निर्णय गरेको हो । पुरस्कारको राशि नगद ११ हजार १११ रुपैयाँ र सम्मानपत्र रहेको छ ।



सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

सार्वजनिक सम्पती मिचेर संरचना बनाए डोजर लिएर आउछु: अध्यक्ष कार्की

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

पोखरा महानगरपालिका वडानम्बर १४ का अध्यक्ष बोध बहादुर कार्कीले मापदण्ड मिचेर संरचना बनाए भत्काइदिने चेतावनी दिएका छन् । हवेली मार्ग हुदै मान्द्रेढुङ्गा जाने ढलान बाटोको शुक्रबार उद्याटन गदै वडाध्यक्ष कार्कीले कानुन विपरीत काम गरेमा खरो रुपमा उत्रने चेतावनी दिएका हुन् । जनताको दुखःसुखमा सथै छु, समस्या लिएर आउनुहोस् आफ्ना वडावासीहरुलाई सहज रुपमा फछ्यौट गर्छु, तर सार्वजनिक सम्पतीमा हुने हस्तक्षप र मिचाह प्रबृतीविरुद्ध निर्मम भएर काम गर्छु, कार्कीले भने । भित्री सडक मर्मत र विस्तारका क्रममा सडक हडपेको पाइएकाले डोजर लिएर आउनुपर्ने अवस्था सृजना नगर्न आग्रह गरे । घर बनाउदा मापदण्ड मिच्ने, कम्पाउण्ड र गेट बनाउने गरेको भन्दै कार्कीले नक्सा पास गर्ने बेलामा कडाई गरिएको बताए । वडामा २५ करोड बरावरको बजेट भित्रीएको बताउदै

नवनिर्मित ढलान बाटो
उद्घाटन समारो

अध्यक्ष कार्कीले कार्यान्वयनमा गएका योजना सम्पन्न गर्न सबैले सहयोग गर्नुपर्ने बताए । १८० वटा भन्दा बढि योजनामा अहिले काम भईरहेको उनले जानकारी दिए । वडाध्यक्ष कार्कीले योजना नभएको कुनै पनि टोल नरहेको दाबी गरे । उपभोक्ता समितिले काम गर्दा गुणस्तरमा ध्यान दिन पनि उनले आग्रह गरे । कमसल काम भएको जानकारी भए कुनै पनि योजनाको सम्पन्नतामा हस्ताक्षर नगने कार्कीले बताए ।

उक्त अवसरमा कालिका क्याम्पस अगाडीको हवेली मार्ग ढलानमा उपभोक्ता र वडाको सहलगानीमा बाटो ढलान गरिएको उपभोक्ता समितिका सचिव किरण अधिकारीले जानकारी दिए । वडाको २० लाख र उपभोक्ताले ३ लाख ५४ हजारको सहलगानीमा २०८ मिटर बाटो ढलान गरिएको अधिकारीले बताए । उपभोक्ता समितिका अध्यक्ष देव बहादुर कार्कीले हवेली मार्ग हुदैं मान्द्रेढुङ्गासम्म जोड्ने सडक ढलानका लागि बजेटको व्यवस्था गर्न माग गरे ।

मिटरब्याज पीडितका माग समेट्न वार्ता समिति गठन

रासस
काठमाडौं, २४ चैत

सरकारले मिटरब्याज पीडितसँग वार्ता गर्न गृह मन्त्रालयका सहसचिव प्रदीपकुमार कोइरालाको संयोजकत्वमा वार्ता समिति गठन गरेको छ ।

अघिल्लो साता नै सरकारले मिटरब्याज पीडितको समस्या समाधान गर्न पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा अधिकार सम्पन्न आयोग बनाइसके पनि 'मिटरब्याज तथा ठगी विरुद्ध किसान-मजदुर सङ्घर्ष समिति' नामक पीडितको सङ्गठनले आन्दोलन जारी राखेकामा उनीहरुको मागलाई समेट्ने गरी वार्ता समिति बनेको हो ।

पाँच सदस्यीय वार्ता समितिमा प्रधानमन्त्री कार्यालयका उपसचिव उमाकान्त अधिकारी, कानुन मन्त्रालयका उपसचिव जङ्गबहादुर डाँगी तथा प्रहरी उपरीक्षक दिनेशराज मैनाली सदस्य हुनुहुन्छ । गृह मन्त्रालयका उपसचिव दीलकुमार तामाङ सदस्य सचिव हुनुहुन्छ । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले पीडितलाई अविलम्ब सम्बोधन गर्न निर्देशन दिनुभएको र समितिले तत्काल आवश्यक पहल थाल्ने गृह मन्त्रालयका प्रवक्ता जीतेन्द्र बस्नेतले जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालद्वारा गोरखा अस्पतालमा आइसियूको उद्घाटन

पोखरापत्र संवाददाता
गोरखा, २४ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखा अस्पतालको सघन उपचार कक्ष (आइसियू)को शुक्रबार उद्घाटन गर्नुभएको छ ।

अस्पताल स्थापनाको ५० वर्ष पुगेको अवसरमा आजदेखि सञ्चालनमा ल्याइएको आइसियू सेवाको उहाँले उद्घाटन गर्नुभएको हो । प्रधानमन्त्री दाहाल अस्पतालको स्वार्णजयन्ती समारोहका सहभागी हुन दिउँसो यहाँ आइपुग्नुभएको थियो ।

स्वर्ण जयन्ती समारोहलाई सम्बोधन गर्दै उहाँले अस्पतालको स्तरोन्नतीका लागि सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "प्रधानमन्त्रीको हैसियतले मैले यसै पनि सहयोग गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "अझ म यस क्षेत्रको जनप्रतिनिधि पनि भएकाले अझैं बढी मेरो जिम्मेवारी छ ।" सोही अवसरमा प्रधानमन्त्री दाहालले अस्पतालको स्वर्ण जयन्ती स्तम्भ अनावरण, स्मारिका विमोचन, अस्पताल व्यवस्थापन समितिका पूर्वअध्यक्ष तथा अस्पतालका पूर्वकर्मचारीलाई सम्मानसमेत गर्नुभयो । सो अस्पतालको २०२९ साल चैत २४ गते स्थापना भएको हो ।

जिल्लामा १५ शय्याबाट सेवा सुरु गरेको अस्पताल विसं २०६९ देखि ५० शय्यामा स्तरोन्नती भएर सेवा सञ्चालन गदै आएको छ । अस्पतालमा आइसियू नहुँदा आइसियूमा राखेर उपचार गर्नुपर्ने बिरामीलाई जिल्ला बाहिरका अस्पतालमा पठाउनुपर्ने बाध्यता रहँदै आएको थियो ।

सडक कवितावाचन कार्यक्रम हुने

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालले मान्छेको मुख थुन्नु हुँदैन सडक कवितावाचन कार्यक्रम सम्पन्न गर्ने भएको छ ।

पछिल्लो समय नेपालको संविधान विपरित राज्य पक्ष तथा विविध पक्षबाट भए गरेका अराजक गतिविधिलाई निरुत्साहन गर्नका लागि उक्त कार्यक्रम आयोजना गरिएको संस्थाका महासचिव मदन भण्डारीले जानकारी दिए ।

संविधानले व्यवस्था गरेका स्वतन्त्रतालाई बन्देज गने कसैको अधिकार नभएकाले त्यसको सांकेतिक विरोधका रुपमा कार्यक्रम आयोजना गरिएको संस्थाका अध्यक्ष डा नारायणप्रसाद अधिकारी बताउँछन् ।

पछिल्लो समय राज्यमा सुशासन र सुव्यवस्था कायम नहुँदा एकातर्फ स्वेच्छिक मृत्युवरण गर्ने शृङ्खला बढ्ने र अर्कातर्फ व्यवसायीहरुलाई प्रोत्साहनको नीति नहुँदा बेथिति बढेकाले स्रष्टाहरुको धर्म आफ्नो कलमद्वारा खबरदारी गर्नु रहेकाले कार्यक्रम आयोजना गरिएको संस्थाका मानार्थ संरक्षक विश्वमोहन गौचनको धारणा रहेको छ ।

संस्थाले राज्य निकायबाट हरेक खराब तथा महत्वपूर्ण निर्णय रातको १२ बजे गने भएकाले शनिवार मध्यान्हको १२ बजे पृथ्वीचोकमा कार्यक्रम आयोजना गरिएको प्रवक्ता ताराबहादुर गुरुङले जानकारी दिए । उक्त सडक कवितावाचन कार्यक्रममा वाचित उत्कृष्ट रचनालाई संस्थाले आफ्नो मुखपत्रमासमेत प्रकाशन गर्ने जनाइएको छ ।

चितवनमा सबै दल निर्वाचन लक्षित कार्यक्रममा

पोखरापत्र संवाददाता
चितवन, २४ चैत

चितवनमा रहेका साना तथा ठूला सबै दलले आगामी वैशाख १० गते चितवन क्षेत्र नम्बर २ मा हुने उपनिर्वाचन लक्षित कार्यक्रम सुरु गरेका छन् ।

स्वतन्त्र उम्मेदवारसमेत प्रचारप्रसारका लागि गाउँगाउँ पस्न थालेका हुन् ।

सत्ता गठबन्धनबाट उम्मेदवार बन्नुभएका नेपाली कांग्रेसका जितनारायण श्रेष्ठले औपचारिकरुपमा आजदेखि घरदैलो कार्यक्रम सुरु गदै हुनुहुन्छ । कांग्रेस चितवनका सचिव ध्रुव पोखेलका अनुसार उम्मेदवारी दर्तासँगै प्रचारप्रसार सुरु गरेको भए पनि औपचारिक रुपमा आजदेखि घरदैलो गरिदै छ ।उपनिर्वाचमा चितवन क्षेत्र नम्बर २ मा एक लाख २४ हजार छ सय ९५ जनाले मतदान गर्न पाउनेछन् । उनीहरूले ४३ स्थलका एक सय ३८ केन्द्रबाट मतदान गर्ने छन् ।

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

◆ खुल्ला स्थानमा दिसापिसाब नगरौं ।

◆ शौचालयमा मात्र दिसापिसाब गरौं ।

◆ दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।

◆ हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।

◆ सफा कपडा वा तौलियाले हात पुछौं ।
जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

लायन्स क्लब अफ पोखरा मुनालमा बराल र मर्दीमा अधिकारी अध्यक्षमा निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

CRYSTAL MAHAL

वर्ष २०२३/२४ का लागि लायन्स क्लब अफ पोखरा मुनालको अध्यक्षमा केशब बराल र लायन्स क्लब अफ मर्दिको अध्यक्षमा मनोज कुमार अधिकारी निर्वाचीत भएका छन् ।

लायन्स क्लब इन्टरनेशनल डिष्टिक ३२५ एल अन्तर्गत वर्ष २०२३/२४ का लागि लायन्स क्लब अफ मर्दिका निवर्तमान अध्यक्ष मनोजकुमार अधिकारी अध्यक्षमा पुन निर्वाचित भएका छन् । क्लबको प्रथम उपाध्यक्षमा श्याम प्रसाद भुसाल, द्धितिय उपाध्यक्षमा सुमन पौडेल, तृतिय उपाध्क्षमा विष्णु बहादुर बरुवाल, सचिबमा प्रतापराज पौडेल, कोषाध्यक्षमा विष्णु प्रसाद अधिकारी चयन भए । त्यसै गरी मुनाल क्लबको प्रथम उपाध्यक्षमा निर्मल पहारी, द्धितिय उपाध्यक्षमा बाबुराम क्षेत्री, सचिबमा हेमराज अधिकारी र कोषाध्यक्षमा सुनिल खाड चयन भए । डिष्टिक ३२५ एलका कार्यक्रम व्यवस्थापक प्रमुख तेज नारायण पराजुली, टिम लिडर राज अधिकारी, जोन चियर पर्सन जोन ८ का चन्द्रबहादुर कुँबर, मुनालका संस्थापक अध्यक्ष सरोज श्रेष्ठ, मुनालका अध्यक्ष रामेश्वर बराल लगायतले दुबै क्लबको निर्वाचन सम्पन्न गर्दै शुभकामना दिए ।

कार्यक्रममा मुनालका अध्यक्ष केशब बराल र मर्दिका अध्यक्ष मनोजकुमार अधिकारीले भावि कार्यक्रम बारे जानकारी दिदै क्लबलाई उत्कृष्ट बनाउन लागि रहने बताए ।

रेडियो जननीले टिकटक मार्फत कविता प्रतियोगिता गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

रेडियो जननी ९०.६ मेगाहर्जले माता तिर्थऔंसीको अवसरमा टिकटक मार्फत कविता प्रतियोगिताको आयोजना गर्ने भएको छ ।

पहिलो आवाज उद्यमशिलताको लागि, दोस्रो आवाज स्वतन्त्रताको लागि र तेस्रो आवाज समानताको लागि भन्ने मुल उद्घोषका साथ सञ्चालित रेडियोले टिकटक मार्फत आमा विषयमा कविता प्रतियोगिताको आयोजना गर्न लागेको रेडियोका अध्यक्ष हिरा भट्टराईले जानकारी दिनुभयो ।

भट्टराईका अनुसार सहभागीले आगामी चैत्त २४ गते शुक्रवारदेखि वैशाख ३ गते अपराह्न ५ बजेसम्म आफ्नो कविता वाचन गरी रेडियो जननीको टिकटकमा ट्याग गर्नुपर्दछ । कविताको नतिजा वैशाख ५ गते रेडियो जननीले आयोजना गरेको "मातातिर्थ औंसीको महत्व" विषयको परिचर्चा कार्यक्रमको दिनमा सार्वजनिक गरिने भट्टराईले बताउनुभयो । प्राप्त कविताहरुवाट निर्णायकहरुले प्रथम, द्धितिय र तृतीय छुट्याउने रेडियोले जनाएको छ । प्रतियोगितामा प्रथम पुरस्कार रु १५ हजार, द्धितिय पुरस्कार रु १० हजार र तृतीय पुरस्कार रु ५ हजार नगद रहेको कार्यक्तम संयोजक तथा रेडियोका कार्यक्रम प्रमख सबु पाठकले बताउनुभयो ।

पाठकका अनुसार कविता कुनैपनि पुस्तक वा पत्रपत्रिकामा नछापिएको हुनुपर्ने, कुनै जात, धर्म, राजनितिक विषयलाई नछोइएको हुनुपर्ने, कविता आमा शिर्षकमा हुनुपर्ने, अनिवार्य रुपमा ह्यासट्याग रेडियो जननी प्रयोग गर्नुपर्ने र अनिवार्य रुपमा रेडियो जननीको टिकटक एकाउण्टलाई फलो गरेको हुनुपर्ने छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

कमजोर मानसिकताको उपज होइन एन्जाइटी डिसअर्डर

डा अनन्त अधिकारी

एन्जाइटी डिसअर्डर एक मानसिक अवस्था हो । मानसिक स्वास्थ्य अवस्थामध्ये एन्जाइटी सबैभन्दा आम रूपमा देखिने गर्छ । यो अवस्थामा अत्यधिक डर, त्रास र चिन्ता पैदा हुन्छ । एन्जाइटी हुँदा केही नराम्रो भइहाल्छ कि जस्तो लाग्ने, सामान्य खालको समस्यालाई ठूलो तरिकाले रियाक्ट गर्ने, चिट्चट् पसिना आउने, मुटुको धड्कन बढ्ने, ब्लड प्रेसर बढे जस्तो हुने जस्ता लक्षण देखा पर्छन् ।

लक्षणहरू

शारीरिक लक्षण- हातमा चिट्चिट् पसिना आउने, तातो या चिसो महसुस हुने, मुख सुक्खा हुने, मुटु ढुकढुक हुने, वाकवाक लाग्ने, शरीर दुख्ने-पोल्ने, शारीरिक जाँच गर्दा रिपोर्टमा केही नदेखिने, मांसपेसीमा तनाव उत्पन्न हुने, पोल्ने-दुख्ने, श्वास भरिए जस्तो हुने, घाँटीमा केही अड्किए जस्तो हुने, श्वासप्रश्वास नपुगे जस्तो हुने तर अक्सिजन हेर्दा सामान्य हुने ।

मानसिक लक्षण- प्यानिक महसुस गर्ने, डराउने, असहज हुने, नराम्रो सपना देख्ने, एक मात्रै सोच आइरहने, केही नराम्रो हुँदैछ जस्तो महसुस हुने, पुराना कुराहरुको सम्झना आइरहने।

व्यावहारिक लक्षण- शान्त र स्थिर भएर बस्न नसक्ने, छटपट हुने, हिँड्ने-बस्ने गरिरहने, हात-खुट्टाचलाइरहने, कुराहरू दोहोऱ्याउने, निन्द्रा नलग्ने, लागिहाले पनि गाह्रो हुने।

यस्ता लक्षणहरूले गर्दा मानिसको दैनिक जीवनयापनमा असहज हुने, आफ्नो परिस्थितिहरुसँगको प्रतिक्रियालाई कन्ट्रोल गर्न नसक्ने, धैरै रियाक्ट गर्ने लगायतको अवस्थालाई एन्जाइटी डिसअर्डर भनिन्छ।

एन्जाइटी डिसअर्डर बालबालिकादेखि बुढाबुढी जसलाई पनि हुन सक्छ। तर विशेष गरी लजालु स्वभाव भएका र खुलेर कुरा नगर्नेहरूमा यसको जोखिम बढी हुन्छ। साथै, हुर्काइको क्रममा तनावग्रस्त वातावरण झेलेर/सहेर आएका, ठूलो शारीरिक तथा मानसिक ट्रमा भोगेका, परिवारमा बुबा-आमामा एन्जाइटीको हिस्ट्री छ भने पनि जोखिम बढी हुन्छ।

त्यसैगरी, लागूपदार्थ दुर्व्यसनीमा भएका, रक्सी खानेहरू, अन्य किसिमका शारीरिक रोग भएका, जस्तैः थाइरोइड, मधुमेह भएकाहरूमा पनि यसको जोखिम बढी हुन्छ।

केटा मान्छेमा भन्दा केटी मान्छेमा यो समस्या बढी देखिन्छ। हर्मोनल कारण तथा समाजमा महिलाहरू परिवारबाट बाहिर निस्किन नसक्ने, रोग लागिहाले पनि उपचारबाट वञ्चित हुने कारणले गर्दा यस्तो भएको हुन सक्छ।

एन्जाइटीका प्रकार

एन्जाइटी डिसअर्डर फरकफरक प्रकारका छन्। लक्षणहरू उस्तैउस्तै भए तापनि मुलभूत कुराहरू अलिअलि फरक हुन्छन्। जनरलाइज एन्जाइटी डिसअर्डर- सबैभन्दा आम मानिने जिएडी अर्थात् जनरलाइज एन्जाइटी डिसअर्डर हो। यो अवस्थामा हरेक कुराले मानिसलाई चिन्ताग्रस्त बनाउँछ। अगाडि भएका हरेक कुराले एन्जाइटीलाई ट्रिगर गर्छ। उदाहरणका लागि, बाटोमा हिँडिरहेको अवस्थामा गाडीले हान्ने हो कि, कसैले केही गर्ने हो कि लगायतका सोच आउँछ। यी लक्षणहरू लामो समयसम्म रहिरहन्छ र बिरामीलाई दुःख दिइरहन्छ। यसमा शारीरिक लक्षणहरू पनि हुन्छन्। जसमा शरीर दुख्ने, पोल्ने, थकाइ लाग्ने, छटपटाउने लगायत हुन्छन्।

प्यानिक एन्जाइटी डिसअर्डर- यसमा एकदमै जटिल लक्षणहरू देखा पर्छन्। प्यानिक हुँदा बिरामीलाई मृत्युलाई नजिकबाट अनुभव गरे जस्तै हुन्छ । यो अवस्थामा बिरामीलाई निकै गाह्रो हुन्छ। चिट्चिट् पसिना आउने, श्वास रोकिए जस्तो हुने, मुटुको ढुकढुक ज्यादै बढ्ने, मुटु सम्बन्धी समस्या भयो कि भनेर कति मान्छेहरू अस्पताल समेत पुग्छन्। यो एपिसोडमा आउँछ र आधा घण्टा जतिपछि विस्तारै कम हुँदै जान्छ। यसका लक्षण देख्दा बिरामीहरू मुटुको रोगसँग सम्बन्धित हो कि भनेर डराउने, आत्तिने हुन्छन् ।

एगोराफोबिया डिसअर्डर– यसका लक्षणहरू समस्या सजिलै बाहिर निस्किन नमिल्ने ठाउँहरू, भीडभाड, सजिलै कसैको सहयोग नपाइने ठाउँहरूमा आउँछन्। जस्तोः लाइनमा बस्दा, ट्रेन या बसमा यात्रा गर्दा, सार्वजनिक भेलाहरूमा बिरामीलाई डर लाग्ने, प्यानिक हुने हुन्छ ।

सोसल एन्जाइटी डिसअर्डर– यसका लक्षणहरू सार्वजनिक स्थानहरूमा देखा पर्छन्। त्यस्ता स्थानमा बोल्ने समयमा, कसैको अगाडि केही बोल्नु छ भने या अन्य क्रियाकलाप गर्दा राम्रो हुने हो कि नहुने हो भन्ने खाले डर, मान्छेले के भन्लान्, के सोच्लान् भन्ने डर हुन्छ ।

सेप्रेसन एन्जाइटी डिसअर्डर– यो प्रायः बच्चामा देखा पर्ने डिसअर्डर हो। अभिभावकबाट छुट्टिनु पर्दा, टाढिनु पर्दा मेरो बाबा/आमाले मलाई एक्लै पार्छन् कि भन्ने खाले डर, फर्केर आउँदैनन् कि, कसैले केही गर्दिन्छ कि भन्ने खाले डर आउनु सेप्रेसन एन्जाइटी डिसअर्डर हो।

हेर्दा सामान्य भए पनि एन्जाइटीले मानिसलाई धेरै दुःख दिन्छ। धेरैजसोले यो समस्या हो भनेर समेत थाहा पाउँदैनन् र यत्तिकै बसिरहेका हुन्छन्। नेपाली समाजमा यो समस्यालाई लिएर धेरै भ्रमहरू समेत छन् । मानिसले यस्ता खालका समस्या भएकाहरूलाई काँतर, डरछेरुवा लगायतका उपनाम दिन्छन्। त्यो एकदमै गलत हो। एन्जाइटी कुनै कमजोर मानसिकताको उपज होइन ।

कुनै पनि व्यक्तिले आफ्नो जीवनकालमा कुनै न कुनै समय एन्जाइटीको समस्या महसुस गरेका हुन्छन्। लगभग ३० प्रतिशत किशोर-किशोरीले आफ्नो जीवनकालमा यो समस्या अनुभव गरेकै हुन्छन् ।

कारण

एन्जाइटी डिसअर्डर विभिन्न कारणले हुन सक्छ। मानिसलाई एन्जाइटी हुन फरकफरक कुराले ट्रिगर गर्छ। यसको एउटा मुख्य कारण न्युरो केमिकल असन्तुलन हो। दिमागमा हाम्रो सोच, मुड लगायतका कुरालाई कन्ट्रोल गर्ने केमिकलमा तलमाथि आउँदा एन्जाइटी हुन सक्छ। साथै, सानो उमेरमा भोगेका ट्रमा, हिंसा, सामाजिक समस्याहरू, दुर्व्यसन र वंशाणुगत कारणले एन्जाइटी हुन्छ।

उपचार

एन्जाइटीको दुई प्रकारको उपचार पद्धति हुन्छ। एउटा साइकोथेरापी (मनोवैज्ञानिक उपचार पद्धति) र अर्को फर्माको थेरापी अर्थात् औषधि उपचार ।

एन्जाइटीको उपचारपछि मानिसहरू सामान्य जीवनमा फर्किन सक्छन्। नेपाली समाजमा एन्जाइटीको एक पटक औषधी गरेपछि जीवनभर गरिरहनुपर्छ भन्ने भ्रम छ । एन्जाइटी हुनबाट जोगिन त्यसलाई ट्रिगर गर्ने अवस्थाहरूबाट टाढा बस्ने, स्वस्थ जीवनशैली जिउन कोसिस गर्ने, मद्यपान र धूमपान नगर्ने, तनावग्रस्त जीवनलाई सहज बनाउने, आफूलाई समय दिने, साथीहरूसँग कुरा सेयर गर्ने, सिर्जनात्मक कामहरू गर्ने, गफ गर्ने, खानपिनमा ध्यान दिने, कफी लगायत पेय पदार्थ लिमिटमा खाने, केही समस्या भयो भने अस्पताल जाने गर्नुपर्छ ।

साभारः स्वास्थ्य खबर

खोपबाट वञ्चित बालबालिकाको खोजीमा नगरपालिका

पोखरापत्र संवाददाता
पोखरा, २४ चैत

जिल्लाको ढोरपाटन नगरपालिकाले गाउँगाउँमा पुगेर पूर्ण खोप लगाउनबाट वञ्चित भएका र कुपोषित बालबालिकाको खोजी गरिरहेको छ । नगरपालिका स्वास्थ्य शाखाले अहिले गाउँमा गएर स्वास्थ्य आमासमूह गठन गर्ने र बालबालिकालाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन थालेको छ ।

जनचेतनाको कमी तथा अशिक्षाका कारण बालबालिका कुपोषित हुने र पूर्ण खोप नलगाएको पाइएको छ । स्वास्थ्य शाखाले स्वास्थ्यकर्मीसहित गाउँमै पुगेर स्वास्थ्य आमासमूहलाई स्वास्थ्य शिक्षा, पूर्ण खोपका बारेमा जानकारी दिने र कुपोषित बच्चाको खोजी गर्न सिकाउनलगायतका कार्य गरिरहेको छ । नगरपालिकाले नौवटै वडामा पुगेर खोप लगाउने तथा कुपोषित बच्चाको पहिचान गरिरहेको स्वास्थ्य शाखा प्रमुख केशव थापाले जानकारी दिनुभयो । दुर्गम गाउँहरूमा धेरै बालबालिका कुपोषित र पूर्ण खोप नलगाएका भेटिने गरेका छन् । उनीहरूलाई खोप दिने र कुपोषित बच्चालाई पोषण उपलब्ध गराउने गरेको प्रमुख थापाले बताउनुभयो । अघिल्लो वर्ष केही वडामा २९ बालबालिका कुपोषित र अहिले १५ मा त्यो समस्या फेला परेको छ । "यस वर्ष वडा नं ४, ६, ३ र १ मा पुगेर कुपोषित र पूर्ण खोप नलगाएका बालबालिका भेट्यौँ, अझै पाँच वटा वडामा पुग्न बाँकी छ, अझै धेरै कुपोषित बालबालिका भेटिने आँकलन गरेका छौँ, १३ जनाले पूर्ण खोप नलगाएको पाइयो, उनीहरूलाई खोप दियौँ", थापाले भन्नुभयो, "यो समस्या अभिभावक अशिक्षित भएकै कारण उत्पन्न भएको हो, सुरुमा बच्चालाई खोप लगाएर ल्याउँछन्, खोप लगाएपछि दुखेर रुने हुँदा त्यसपछिका चरणका खोप लगाउनै नलगेको पाइयो ।" बालबालिका कुपोषित हुनबाट रोक्न तथा पूर्ण खोप लगाउन गाउँको टोलटोलमा स्वास्थ्य आमासमूह गठन गर्ने र उनीहरूलाई खोप लगाउने समय, कस्तो बच्चा कुपोषित हो भन्ने छुट्याउने र समयमै स्वास्थ्य संस्थामा लैजानुपर्ने विषयमा प्रशिक्षति गरिरहेको बताइएको छ ।

नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण) ले स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गरिरहेको बताउनुभयो । उहाँले समयसमयमा स्वास्थ्यकर्मीलाई नागरिकको स्वास्थ्य समस्या बुझ्न गाउँगाउँमा पठाउने गरेको र सोहीअनुसार स्वास्थ्य सेवा प्रभावकारी बनाउनतर्फ लागेको कायतले बताउनुभयो ।

उहाँले भन्नुभयो, " नगरपालिका अलिकति पिछडिएको क्षेत्र पनि हो, यहाँका धेरै नागरिकमा जनचेतना बढ्दैछ, स्वास्थ्य र शिक्षाको सहज पहुँच पुग्दैछ, अहिले पनि बिरामी हुँदा अस्पतालभन्दा धाँमीझाँक्री खोज्ने प्रचलन छ, यद्यपि हामी अन्धविश्वासलाई हटाएर नागरिकलाई सचेत बनाउने कार्यमा लागेका छौँ, यहाँको स्वास्थ्यमा केही सुधार आएको महशुस भएको छ, स्वास्थ्य संस्था तथा औषधि व्यवस्थापनलगायतका विषयमा लागेका छौँ ।"

सशस्त्र प्रहरीको 'बाहिनीपति कप-२०७९' खेलकुद प्रतियोगिता सम्पन्न

रासस
काठमाडौं, २४ चैत

सशस्त्र प्रहरी बलको ' बाहिनीपति कप-२०७९' खेलकुद प्रतियोगिता सम्पन्न भएको छ ।

यही चैत १९ गतेदेखि पशुपतिनाथ बाहिनी मुख्यालय बलम्बुमा सञ्चालित दौड, फुटबल, भलिबल, ब्याटमिन्टन प्रतियोगिता प्रतियोगिता आज सम्पन्न भएको हो ।

समापन कार्यक्रममा सशस्त्र प्रहरी नायब महानिरीक्षक पुरुषोत्तम थापाले खेलकुद मानव जीवन महत्वपूर्ण अङ्ग भएको बताउँदै सकारात्मक सोचका साथ खेलकुद प्रतियोगितामा सहभागी भएमा सदैव सफलता मिल्ने बताउनुभयो ।

उहाँले यस्ता प्रतियोगिताले सशस्त्र प्रहरी कर्मचारीको व्यावसायिक क्षमता अभिवृद्धि, सामूहिक भावनाको विकास, सेवाप्रतिको निष्ठा, युनिटप्रतिको बफादारिता, व्यक्तिगत अनुशासन तथा प्रतिस्पर्धात्मक क्षमता विकास गराउने विश्वास व्यक्त गर्नुभयो । उक्त प्रतियोगितामा नम्बर १९ बगलामुखी विशेष कार्यदल गण प्रथम, नम्बर २१ गण दक्षिणकाली द्वितीय र नम्बर २० विपद् उद्धार गण तृतीय भएका थिए ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई सशस्त्र प्रहरी नायब महानिरीक्षक थापाले ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

मेरो स्वार्थीपना

वामनप्रसाद ढेवाजू
गौडाकोमुख-१३

म यति धेरै स्वार्थी
वन्न चाहेको थिईन
वने, किन वने ?
म आफैलाई थाहा छैन
हटाउन चाहान्छु म
मेरा यी स्वार्थीपना
जो वर्षौ बाट मेरो मनमा
जरा गाडेर बसेको छ
जसलाई हटाउने प्रयास
गरिरहेको छु मैले
हटाउन सकीरहेको छैन
म भित्रका यी स्वार्थीपना
जती कोशिस गरेपनी
यो जुगा भन्दा बढीनै
टास्सिएर बसेको छ
यो मेरो स्वार्थीपना
जसलाई निकाल्न
मैले अनेक कोशिस
गरिरहेको छु तरपनि
सफल हुन सकिरहेको छैन
कहिले काहिँ लाग्छ
म स्वार्थ बाट मुक्त भए
म निवार्स्थ भएर
जिउन सक्छु जस्तो लाग्छ
म कति धेरै खुसी हुन्छु
तर केही समयमै
भत्किसकेको हुन्छ
म भित्रको वर्षौ देखिको
त्यो स्वार्थपनाले
मलाई परास्त गरिदिन्छ
मेरो निस्वार्थ पनालाई
रहन दिएन कहिल्यै पनि
मैले जतिनै कोशिस गरेपनि
म भित्र जरा गाडेर बसेको
यो स्वार्स्थी पना लाई कहिल्यै
पराजित गर्न सकेको छैन
सायद म संगै अन्त हुनेछ
म भित्रको यो स्वार्थीपना

भरतपुर अस्पताल बहिरङ्ग सेवा : डाक्टर भेट्न चारदिन

रासस
चितवन, २४ चैत

भरतपुर महानगरपालिका-१७ का वृद्ध मानबहादुर शाही विगत चार दिनदेखि भरतपुर अस्पतालको बहिरङ्ग सेवामा रुमलिइरहनुभएको छ ।

आज बहिरङ्ग विभागमा भेटिनुभएका उहाँले मिर्गौलाको पत्थरी झिक्नका लागि धेरै दुःख पाएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "लाइन बसेर टिकट काटेर डाक्टर भेट्नै चार दिन लाग्यो", उहाँले गुनासो गर्दै भन्नुभयो, "सिस्टम भएन, कर्मचारी थोरै भए सुधार गरेर लैजानुपर्छ ।" मिर्गौलामा पत्थरी भएको र शल्यक्रिया गर्नुपर्ने चिकित्सकले जनाएपछि अब कहिले शल्यक्रिया हुने हो अझै टुङ्गो नलागेको उहाँले बताउनुभयो । अस्पतालमा शल्यक्रियाका लागि महिनौँ पालो कुर्नुपर्ने अर्को बाध्यता रहेको छ । भरतपुर महानगरपालिका-७ का सुनिल ढकाल मर्किएको हातको एक्स-रे गर्न बिहीबारदेखि अस्पतालकै बहिरङ्ग सेवामा घुमिरहनुभएको छ । उहाँले भन्नुभयो, "आज एक्स-रे गर्न पाए आइतबार डाक्टरलाई देखाउँथे ।" उहाँले एक्स-रे गरेर रिपोर्ट देखाउँन मात्रै तीन दिन समय लाग्ने बताउँदै भिड नियन्त्रण नहुँदा समस्या भएको बताउनुभयो । उहाँले गुनासो छ, "चिकित्सक कर्मचारी आफ्नो मान्छे भए भित्रबाट फटाफट काम हुँदोरहेछ, सर्वसाधारणलाई सास्ती ।"

उहाँ जस्तै बिहीबार आमाको उपचार गर्न माडीबाट आउनुभएका देवराज बरालको गुनासो पनि उस्तै छ । यी प्रतिनिधि पात्र मात्रै होइन, अस्पताल आउने धेरैको अवस्था यस्तै छ ।

अस्पतालमा भौतिक पूर्वाधार निर्माण र उपकरण पर्याप्त भएर पनि सर्वसाधारणले सहज सेवा पाउन सकेका छैनन् । सामान्य बहिरङ्ग सेवा (ओपिडी) सेवा लिनसमेत चार दिनसम्म धाउनुपर्ने बाध्यता अस्पतालमा छ । अस्पताल केन्द्रीय भएसँगै सहज उपचार सेवा पाउने आम नागरिकको अपेक्षाअनुरुपको सेवा अझै अस्पतालले दिन सकेको छैन । विशेषज्ञता हासिल गरेका चिकित्सक भेट्न बिरामीलाई मुस्किल पर्ने गरेको छ । सरकारी अस्पताल भए पनि कतिपय शुल्क निजीसरह छन् भने बीमामार्फत पाउनुपर्ने औषधि अस्पतालले खरिद नगर्दा बिरामीले नगदमा खरिद गर्न बाध्य छन् । आफ्ना आफन्तको उपचारका लागि आएका जोकोहीलाई भेटेर सोध्दै गर्दा सेवामा गुनासैगुनासा सुन्ने गरिन्छ । पत्रकार रमेशकुमार पौडेलले विगतको तुलनामा केही सुधार हुँदै गए पनि सुधार गर्नुपर्ने धेरै विषय रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "चिकित्सक स्वास्थ्यकर्मीले बिरामीले खोजेको जस्तै व्यवहार पनि पाउँदैनन् ।" उहाँले राति ९ बजेपछि भिडियो एक्स-रे गर्न अस्पताल बाहिर जानु परेको गुनासो गर्नुभयो ।

अस्पतालको बहिरङ्ग सेवामा मेडिकल अधिकृत राख्ने र अतिरिक्त शुल्क लिएर विशेषज्ञले परीक्षण गर्नेक्रम बढ्दो छ । बिरामीलाई अतिरिक्त शुल्क लिन बाध्य पार्ने गरिएको गुनासो गर्नुभयो । बीमाका बिरामीले जनरलमा टिकट काटेर परीक्षणपछि नगद रु पाँच सय तिरेर अतिरिक्त सेवा (इएचएस) लिन बाध्य पारिने गरिएको छ । बीमामा एक हजार ७८ प्रकारका औषधि उल्लेख भए पनि अस्पतालले समयमा खरिद नगर्दा न्यून सङ्ख्यामा मात्रै पाइने गरेको छ । यसका कारण बिरामी औषधि खरिदका लागि बाहिर जान बाध्य छन् । अस्पतालका सबैजसो विभागमा समस्यै समस्याका चाङ छन् । समस्या समाधानतर्फ अस्पताल प्रशासन नलागेको गुनासो सुन्ने गरिन्छ । अस्पताल सञ्चालक समितिका अध्यक्ष राजु पौडेल जनशक्ति र पूर्वाधार थप नगरेसम्म सेवा सुधार गर्न नसकिने उल्लेख गर्नुभयो । गुनासा र समस्या रहेको स्वीकार्दै उहाँले सरकारको एक सय ५० शय्याको जनशक्तिमा छ सय शय्या चल्दा समस्या भएको बताउनुभयो । मन्त्रालयले 'ओएनएम सर्भे' गरेर एक हजार ८७ दरबन्दी आवश्यक पर्ने उल्लेख गरे पनि नीतिगत निर्णय भएर कार्यान्वयनमा नआएका कारण समस्या रहेको उहाँको भनाइ छ ।

समयमा औषधि खरिद गर्न नसक्दा बीमाको सबै औषधि बिरामीले पाउन नसकेको सञ्चालक समितिका अध्यक्ष बताउनुभयो । अस्पतालका कतिपय चिकित्सक-स्वास्थ्यकर्मी र कर्मचारीले आफ्नो जिम्मेवारी पूरा नगर्ने र प्रशासनिक निकायको निर्देशन पालना नगर्दा अस्पतालमा समस्या आउने गरेको छ ।

तपाईको आज

मेष : कार्यमा सफलता
वृष : मन चञ्चल
मिथुन : सहयोग मिल्नेछ
कर्कट : सत्कार मिल्नेछ
सिंह : सम्मान मिल्नेछ
कन्या : अप्रत्यसित लाभ
तुला : आर्थिक समस्या
वृश्चिक : मानसिक तनाब
धनु : शारीरिक झमेला
मकर : ब्यापारमा लाभ
कुम्भ : शत्रुको भय
मीन : झमेला बड्ने

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

अध्ययन गर्न विदेश जाने विद्यार्थी बढे

रासस
काठमाडौं, २४ चैत

पछिल्लो समय वैदेशिक अध्ययनका लागि विद्यार्थीको विदेश मोह बढ्न थालेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तत्थ्याङ्कानुसार गएको साउनदेखि यही चैत २२ गतेसम्म ८० हजार नेपाली विद्यार्थीले विदेशमा अध्ययन गर्न जान अनुमतिपत्र (एनओसी) लिएका छन्।

उक्त शाखाले एनओसीका लागि अनलाइन आवेदन दिने व्यवस्था मिलाएको छ। अनलाइनमा आवेदन आएको एक दिनमा रुजु गर्ने र अर्को दिन एनओसी दिन थालिएको छ। बिहीबारमात्रै छ सय नौ अनलाइन आवेदन परेकामा पाँच सय २९ आवेदन स्वीकृत भएको वैदेशिक अध्ययन अनुमति शाखाका उपसचिव वासुदेव वस्तीले जानकारी दिनुभयो। उहाँका अनुसार आवेदन स्वीकृत भएका पाँच सय आवेदकले आज एनओसी पत्र पाउनेछन्। वैदेशिक अध्ययन अनुमति शाखाका अनुसार विसं २०७८ को वैशाखमा एक हजार छ सय ९६, जेठमा चार सय ५६, असारमा तीन हजार एक सय नौ, साउनमा पाँच हजार तीन सय ४१, भदौमा पाँच हजार आठ सय ६०, असोजमा चार हजार नौ सय ६३, कात्तिकमा तीन हजार सात सय ५७, मङ्सिरमा पाँच हजार छ सय ९५, पुसमा सात हजार ८५, माघमा नौ हजार पाँच सय १३, फागुनमा १३ हजार नौ सय ७२ र चैतमा १६ हजार तीन सय ४८ जनाले वैदेशिक अध्ययनका लागि अध्ययन अनुमतिपत्र (एनओसी) लिएका थिए।

यस वर्षको वैशाखमा १५ हजार सात सय ७१ र जेठमा १४ हजार छ सय १३ जनाले वैदेशिक अध्ययनका लागि अध्ययन अनुमतिपत्र लिएका छन्। अध्ययनका लागि अष्ट्रेलिया, जापान, अमेरिका र क्यानडा जानेको सङ्ख्या बढी छ। हाल औसतमा दैनिक छ सय जनाले वैदेशिक अध्ययन अनुमतिपत्रका लागि आवेदन दिइरहेको शाखाले जनाएको छ। अनलाइनबाट आवेदन दिने, रुजु गर्ने र एनओसी पाउने समय सम्बन्धित विद्यार्थीलाई जानकारी गराउन थालेपछि लाइन बस्नेको सङ्ख्या घट्नाका साथै सेवा प्रवाह सहज र छिटो भएको एनओसीले जिकिर गरेको छ।

ठमेलमा पर्यटक छन्, व्यापार छैन

–अच्युत रेग्मी
काठमाडौं, २४ चैत (रासस)

काठमाडौंकोप्रमुखपर्यटकीय गन्तव्य ठमेलमा पछिल्लो समय विदेशी पर्यटकको सङ्ख्या उल्लेख्य मात्रामा बढे पनि त्यहाँको व्यापार भने बढ्न सकेको छैन।

नेपालमा मार्च महिनामा कोरोना महामारीपछिकै सबैभन्दा धेरै पर्यटक भित्रिए पनि ठमेलमा भने उल्लेख्य मात्रामा व्यापार हुन नसकेको व्यवसायीले बताएका छन्। नेपाल आउने पर्यटकमध्ये ८० प्रतिशतभन्दा बढी ठमेल आउने गरेका पाइएको छ। ठमेलस्थित सातघुम्तीमा विगत २२ वर्षदेखि ट्रेकिङ जान प्रयोग गरिने सामान बिक्री गर्दै आउनुभएका पून्यराम लागेजु ठमेल क्षेत्रमा पर्यटक बढे पनि व्यापार बढ्न नसकेको बताउनुहुन्छ। "कोरोना महामारी अगाडिको तुलनामा अहिले २० प्रतिशत मात्र व्यापार भएको छ", उहाँ भन्नुहुन्छ।

कोरोना महामारी अघि लागेजुले दैनिक रु ५० हजारदेखि रु ६० हजारको व्यापार गर्नुहुन्थ्यो। अहिले दैनिक रु आठ हजारदेखि रु दश हजारसम्मको व्यापार हुने गरेको उहाँ बताउनुहुन्छ। बाइस वर्षको आफ्नो व्यापारको अनुभव सुनाउँदै लागेजुले भन्नुभयो- "अहिले सबैभन्दा थोरै व्यापार भएको छ।"

यस्तै, ठमेलमै लामो समयदेखि कपडा व्यापार गर्दै आउनुभएका सीताराम रेग्मी पहिलेको तुलनामा अहिले व्यापार/व्यवसाय घटेको बताउनुहुन्छ। "ठमेलका गल्लीमा प्रशस्त मात्रामा पर्यटक देखिए पनि व्यापार न्यून भएको उहाँ बताउनुहुन्छ। "कहिलेकाँही त बिक्री नै हुँदैन", रेग्मी भन्नुहुन्छ। खर्च धेरै गर्ने पर्यटक नआएका कारण व्यापार घटेको उहाँको भनाइ छ। रेग्मी सामान किन्ने र खर्च गर्ने पर्यटक नआएका कारण व्यापार व्यवसाय धरापमा परेको सुनाउनुहुन्छ। ठमेलमा विगत १४ वर्षदेखि ह्याण्डिक्राप्टको व्यापार/व्यवसाय गर्दै आउनुभएकी नेपाल ह्याण्डिक्राप्ट कलेक्सनकी सञ्चालक मीनाकुमारी बाँस्तोला पछिल्लो समय व्यापार एकदमै घटेको बताउनुहुन्छ। "पहिलाजस्तो व्यापार छैन, पहिला पर्यटक पसलमा आउने सामान हेर्ने गर्दथे, मन परे किनेर लैजाने गर्दथे, अहिले पसलभित्र पर्यटक छिर्न मान्दैनन्", बाँस्तोला भन्नुहुन्छ। उहाँले उलन, पश्मिना, फेल्टलगायतका सामान बिक्री वितरण गर्दै आउनुभएको छ। ठमेलमा व्यापार व्यवसाय नहुँदा घरबेटीलाई भाडा तिर्नसमेत समस्या पर्दै गएको व्यवसायी बताउँछन्। ठमेल क्षेत्रका व्यापारीले व्यवसाय नभएको गुनासो गरिरहँदा ठमेलका होटलमा भने पर्यटकको सङ्ख्या बढेको होटल व्यवसायी बताउँछन्। ठमेलमा काठमाडौं इको होटल सञ्चालन गर्दै आउनुभएका विमल (सहदेव) धमला पछिल्लो समय ठमेलमा पर्यटकको सङ्ख्या बढेको बताउनुहुन्छ। "मैले सञ्चालन गरेको होटलमा अहिले दैनिक ७० देखि ८० कोठा भरिएका छन्, यो तुलनात्मक रुपमा राम्रो हो", उहाँ भन्नुहुन्छ। ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्षसमेत रहनुभएका धमला पर्यटक छोटो समयका लागि बस्न आउँदा ठमेल क्षेत्रको व्यापार व्यवसाय भने घटेको बताउनुहुन्छ। ठमेलमा एक/दुई रात आएर बस्ने पर्यटकका भरमा व्यापार व्यवसाय केन्द्रीत रहेको उहाँले सुनाउनुभयो। ठमेलमा सञ्चालित चारतारे होटल 'रमदा'का महाप्रबन्धक महेश फुयाँल आफ्नो होटलका कोठा अहिले दैनिक ९० प्रतिशतसम्म भरिन थालेको बताउनुहुन्छ।

अहिले पर्यटकीय समय भएको कारण पनि होटलमा पर्यटकको सङ्ख्या बढेको उहाँ बताउनुहुन्छ। नेपालमा पर्यटक आवागमनको सङ्ख्या बढेसँगै हवाई क्षेत्रमा पनि उत्साह थपिएको छ। पछिल्लो समय हवाई मार्ग हुँदै सगरमाथा आधारक्षेत्र सोलुखुम्बु, मुस्ताङ, डोल्पा, हुम्लालगायत क्षेत्रमा जाने पर्यटक बढेका छन्। यती एयरलाइन्सको भगिनी संस्था तारा एयरमार्फत घुम्न जाने पर्यटकको सङ्ख्या बढेको यती एयरलाइन्सका प्रवक्ता एवं हवाई सुरक्षा प्रमुख सुदर्शन बर्तौला बताउनुहुन्छ। "तारा एयरलाइन्स र यती एयरलाइन्सको माउण्टेन फ्लाइटमार्फत घुम्न जाने पर्यटकको सङ्ख्या बढेको छ", उहाँ भन्नुहुन्छ।

पछिल्लो समय तारा एयरलाइन्सले विभिन्न गन्तव्यस्थलमा दैनिक ५० वटासम्म उडान भर्ने गरेको छ। सो एयरलाइन्सले रामेछापको मन्थली विमानस्थलबाट सोलुखुम्बुको तेन्जिङ हिलारी विमानस्थल लुक्लासम्म दैनिक आउने जाने ३२ उडानसम्म गरेको छ। यस्तै, सोही एयरलाइन्सले पोखराबाट मुस्ताङसम्म १० उडान र नेपालगञ्जबाट हिमाली क्षेत्रमा छ उडान गर्ने गरेको छ। अङ्ग्रेजी वर्षको मार्च, अप्रिल, मे महिनालाई नेपालमा पर्यटकीय यामका रुपमा लिने गरिन्छ। नेपाल पर्यटन बोर्डका अनुसार मार्च महिनामा मात्र नेपालमा ९९ हजार चार सय २६ पर्यटक भित्रिएका छन्। मार्च महिनामा सार्क राष्ट्रबाट ३३ हजार चार सय ५४, अन्य एशियाली मुलुकबाट १५ हजार छ सय ४३, युरोपबाट २३ हजार दुई सय ६५ तथा अन्य राष्ट्रबाट तीन हजार नौ सय ५८ पर्यटक नेपाल आएका छन्।

यस्तै, क्यानडाबाट एक हजार सात सय सात, अमेरिकाबाट नौ हजार पाँच सय ५७ का साथै मध्यपूर्वलगायतका देशबाट १० हजार तीन सय ७५ पर्यटक नेपाल भित्रिएका छन्। मार्च महिनामा आउने पर्यटकमध्ये सबैभन्दा धेरै भारतबाट आएको पर्यटन बोर्डका निर्देशक एवं सूचना अधिकारी मणिराज लामिछाने बताउनुहुन्छ। उहाँका अनुसार मार्च महिनामा मात्र भारतबाट २५ हजार नौ सय ११ पर्यटक नेपाल आएका छन्। गत वर्षको मार्च महिनामा भारतबाट १५ हजार १३ पर्यटक आएका थिए।

अमेरिकाबाट गत वर्षको सोही अवधिमा चार हजार आठ सय ९६ पर्यटक आएकामा यसपटक नौ हजार पाँच सय ५७ पर्यटक आएका छन्। मार्चमा भारत, अमेरिका, बेलायत, जर्मनी र श्रीलङ्काबाट सबैभन्दा धेरै पर्यटक नेपाल आएका छन्।

नमूना बस्तीमा समस्याका चाङ

–तारानाथ आचार्य
बलेवा, २४ चैत

घामपानी ओत्ने बास जमिनसँगै भाँसिएपछि ४८ वर्षीया धनमायाको परिवार पाँच वर्ष अर्कैको घरमा बस्यो। कहिले छिमेकी त कहिले आफन्तको घरमा उहाँहरूका दिन बिते।

विसं २०७२ पछि धनमाया दर्जी र १४ परिवार एकैपटक गाउँबाट बिस्थापित भए। भूकम्पले हल्लिएको जमिन एकाएक भाँसिएपछि सबैले गाउँ छोडे। पाँच वर्षपछि धनमायाको परिवारले आफ्नै घर पाएको छ। उहाँ मात्र होइन काठेखोला गाउँपालिका-५ बिहुँकाहुलेका दश परिवारले पाँच वर्षको कष्टपूर्ण समयपछि गत वर्ष आफ्नै घर पाएका हुन्।

काठेखोला-५ मा एकैनासका १० घर बनेका छन्। सरकारले बनाएको 'नमूना बस्ती' मा धनपाया, रुपा दर्जीलगायतका परिवार मिलेर बसेका छन्। दशवटै घरमा औषतमा पाँच जनाको परिवार बस्छन्। दुई कोठे घर जोडेर बनाइएका छन्। नमूना बस्तीको जग्गा र घरको एकमुष्ट लालपुर्जा छ।

लामो समय आफ्नो घर छोडेर बसेको समुदायले घर त पाए तर भर भने अझै पाएका छैनन्। पुर्खौली घर भएको ठाउँमा घरसँगै गरीखाने सम्पत्ति पहिरोले बगाएको छ। नयाँ घर बनेको ठाउँमा खुर्सानी रोप्ने जग्गासमेत नहुँदा पीडित परिवार समस्यामा छन्। "न खेती गरेर खाने जमिन छ, न पशु पाल्न गोठ", धनमाया दर्जीले भन्नुभयो, "तरकारी त फलाउन सकिन्थ्यो तर, एक टुक्रा जग्गा छैन।" मजदुरी गरेर खाने अधिकांश परिवारमा बिहान बेलुका छाक टार्नै समस्या छ। घरायसी प्रयोजनका लागि तरकारीसमेत उत्पादन गर्न नपाउँदा थप समस्या भएको दर्जी बताउनुहुन्छ। बस्तीका दशवटै परियारमा यो समस्या छ। ठूलो परिवार भएकालाई नमूना बस्तीमा बनेका घर अपर्याप्त छन्। दुईकोठे घरमा परिवार अटाउनै कठिन हुने स्थानीय रुपा दर्जीले बताउनुभयो। पाहुना आउँदा राख्ने ठाउँको त कुरै नगरौँ। एउटा कोठामा भन्छा र अर्कोमा खाँदीएर बस्नुपरेको पीडा उनीहरूसँग छ। बालबालिका खेल्ने ठाउँको अभाव छ। पीडितले सरकारसँग रोजगारको माग गरेका छन्। नमूना बस्तीमा खानेपानीको अभाव छ। वर्षा यामको पानी व्यवस्थापनका लागि बनाइएको नालीले पानी थेग्दैन। बस्ती वरपर बनाउने भनिएको पदमार्ग र सार्वजनिक सभाहल पनि हालसम्म बनेको छैन्। "कोरोना महामारी अघि रु ४० लाखको योजना थियो, नाली, पानी, भवन तथा बाटोका लागि, तर कामै नभई सकियो", उपभोक्ता समितिको अध्यक्ष समेत बन्नुभएकी धनमायाले भन्नुभयो, "रु आठ लाखको काम गरेर नाली बनाइयो, बाँकी काम गर्न सकिएन, कोरोनापछि बजेट आएन।" सबै गाउँमा मोटरबाटो पुगे पनि आफूहरूको बस्तीसम्म सडक नपुगेको उहाँको गुनासो छ। सरकारले आफूहरूका लागि खानेपानी र सडक निर्माण गरिदिए सहज हुने धनमायाको भनाइ छ। "ठूलो घर त हामीले मागेकै छैनौँ, सके बनाउँला नसके भएकाले काम चलाउँला", उहाँ भन्नुहुन्छ, "कम्तीमा तरकारी रोपेर खाने जमिन मात्रै भए पनि बिहान बेलुका खान पुग्थ्यो।"

गाउँपालिकाका अध्यक्ष राजु थापाले नमूना बस्तीमा रहेको खानेपानी समस्या समाधानका लागि गाउँपालिकाले योजना बनाएको उल्लेख गर्दै समस्या केही समयमै समाधान हुने बताउनुभयो। उहाँले बस्तीसम्म सडक पुऱ्याउने प्रयास थालेको बताउनुभयो।

देशविदेशमा रहेका बिहुँ र बागलुङबासी तथा गाउँपालिकाको सहयोगमा जग्गा खरिद गरेर राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको सहयोगमा घर निर्माणपछि नमूना बस्ती तयार भएको थियो। बस्ती तयार भए पनि आवश्यक संरचना भने अझै तयार भइसकेका छैनन्। स्थानीयले घरको लालपुर्जा आफूसँग नभएको पीडा सुनाए।

कालीगण्डकी करिडोर स्तोन्नति जारी

रासस
म्याग्दी, २४ चैत

नेपाल आउने विदेशी पर्यटक, धार्मिक पर्यटक र नेपाल घुम्न चाहने आन्तरिक पर्यटकका लागि आकर्षक गन्तव्य हो मुस्ताङ। हवाई मार्गभन्दा स्थलमार्गबाट धेरै पर्यटक मुस्ताङ जाने गर्दछन्। तर, मुस्ताङ जाने र फर्कने क्रममा पर्यटक र तीर्थयात्रीले सास्ती खेप्न बाध्य छन्। कालीगण्डकी करिडोरअन्तर्गत पर्वतको मालढुङ्गादेखि मुस्ताङको लोमान्थाङसम्मको आठ ठाउँमा स्तरोन्नतिको काम भइरहेको कालीगण्डकी करिडोर आयोजना मालढुङ्गा-जोमसोम प्रमुख जगत प्रजापतिले बताउनुभयो।

उहाँका अनुसार सडक निर्माणका लागि आवश्यक पर्ने कच्चापदार्थ ढुङ्गा, गिटी, बालुवा, ग्राभेल आदि इत्यादिको अभावले सडकको काम तीव्ररूपमा हुन नसकेको हो।

"सडक स्तरोन्नतिका लागि ठाउँठाउँमा राखिएका निर्माण सामग्री, भत्काइएको सडक मर्मतमा ढिलाइलगायतका कारण सडक साँघुरो र जोखिमयुक्त भएकाले ज्यानकै बाजी राखेर मुस्ताङ आवतजावत गर्न बाध्य हुनुपर्ने अवस्था रहेछ", रसियन पर्यटकलाई मुस्ताङ घुमाएर बेनी फर्किनुभएका पर्यटक पथप्रदर्शक डग्नुम लामाले बताउनुभयो।

"मुस्ताङ घुम्दा रमाएका पर्यटक बाटोमा सास्ती भोग्दा भने निरास हुने गर्छन्, सरकारले भ्रमणका लागि मुस्ताङ त बोलाउँछ, तर बाटो किन बनाउँदैन भने पर्यटकले हामीसँग प्रश्न गर्छन्", उहाँले भन्नुभयो। चौध जना साथीसँग मुस्ताङ घुमेर फर्कन लाग्नुभएका नवलपुरकोगैँडाकोटनगरपालिका-१२ हर्कपुरका प्रकाश ज्ञवालीले बेनीमा भन्नुभयो, "त्यस्तो सुन्दर ठाउँ (मुस्ताङ)मा जान र फर्कने र दैनिक सयौँ विदेशी पर्यटकको आवतजावत हुने सडकको अवस्था अत्यन्तै दयनीय रहेछ, सडक स्तरोन्नतिका लागि निर्माण कम्पनी र सरकार दुवै उदासिन बनेको देखियो, यस्तो सडक देखाएर सरकारले विदेशी पर्यटकलाई मुस्ताङ घुम्ने निम्ता कसरी दिन सकेको होला?"

लामा र ज्ञवालीले भनेजस्तै मुस्ताङ जाने सडकको अवस्था अत्यन्त दयनीय नै रहेको दानाका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले बताउनुभयो। "सरकारले निर्माण कम्पनीलाई दोष दिन्छ, निर्माण कम्पनीले सरकारलाई" शेरचनले भन्नुभयो, "दुई वटा निकायका बीचमा समन्वय नहुँदा सास्ती चाहिँ पर्यटकले भोग्नुपरेको छ, यस्तै अवस्था अझै केही समय रहिरहने हो भने मुस्ताङ घुम्ने पर्यटकको चाहना हुँदाहुँदै पनि सडककै कारण मोहभङ्ग हुनसक्छ।"

निर्माण कम्पनीका ठेकेदारका अनुसार सडक निर्माणका लागि आवश्यक कच्चापदार्थ कालीगण्डकी नदीबाट निकाल्न नपाउँदा काममा असर परेको हो। सर्वोच्च अदालतले २०७८ असार २९ गते अन्तरिम आदेश जारी गर्दै कालीगण्डकीबाट नदीजन्य पदार्थ उत्खनन नगर्न भनेको छ। सरकारले जारी गरेको आइइइ रिपोर्टमा उल्लेख भएका आधारमा राष्ट्रिय गौरवको आयोजना भएकाले कालीगण्डकी नदीबाट नै आवश्यक कच्चापदार्थ झिक्न पाउने र सोही मूल्याङ्कनका आधारमा ठेक्का सम्झौता भएको निर्माण कम्पनीले बताउँदै आएका छन्। कालीगण्डकी नदीको तीरैतीर जाने करिडोरमा कालीगण्डकीकै निर्माण सामग्री उपयोग गर्ने भनिएको भए पनि सर्वोच्च अदालतमा परेको रिटका कारण निर्माण सामग्री प्रयोग गर्न नपाएकाले काम प्रभावित भएको आयोजना प्रमुख प्रजापतिको भनाइ रहेको छ।

सर्वोच्च अदालतले पनि समयमा नै फैसला दिन नसक्दा अन्योलको अवस्था उत्पन्न भएको पाइएको छ। आयोजना प्रमुख प्रजापतिले मालढुङ्गादेखि कोरलासम्मको खण्डमा करिब ७२ प्रतिशत भौतिक प्रगति भएको जानकारी दिनुभयो। निर्माण सामग्रीको अभावले काम सुस्तगतिमा मात्रै चलेका उहाँले बताउनुभयो। ढुङ्गा नपाएका कारण निकै समस्या भइरहेको छ भने उपलब्ध भएका सामग्रीबाट आरसिसीको काम चलिरहेको उहाँको भनाइ छ। बेनी-गलेश्वरको काम तीव्ररूपमा भइरहेकोउहाँलेबताउनुभयो।त्यसैगरी गलेश्वरदेखि तातोपानीसम्मको खण्डको पाँच/छ किमी सडक कालोपत्र भइसकेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार केही भागमा कालोपत्रको तयारी भइरहेको छ भने काभ्रे भिरमा पनि ढलानको काम चलिरहेको छ। काभ्रेदेखि घाँसासम्मको सडक अत्यन्तै जोखिमयुक्त मानिन्छ। रुप्से झरनामा पनि बेलिब्रिज निर्माणको काम चलिरहेको उहाँले जानकारी दिनुभयो। मुस्ताङको जोमसोममा ढलानको काम भइरहेको उहाँको भनाइ छ।

मालढुङ्गादेखि बेनीसम्मको सडकको काम भने निर्माण कम्पनीले छोडेको छ। उक्त सडकखण्डको अहिलेसम्म करिब २०/२५ प्रतिशत मात्रै भौतिक प्रगति भएको आयोजनाले जनाएको छ।

छिमेकी देश चीन र भारत दुवैलाई छुने र नेपालको आयात निर्यातमा महत्वपूर्ण काम गर्ने राष्ट्रिय गौरवको आयोजना हो 'कालीगण्डकी कोरिडोर'। व्यापार र पर्यटनका लागि देशकै महत्वपूर्ण रहेको यही सडकको काम गरिरहेको एपेक्स खड्का कृष्ण जेभीले काम छाडेको अवस्था छ। उसले आफ्ना कामदार कोहीलाई अन्य ठाउँका काममा पठाएको छ त कोहीलाई घर फिर्ता गरिदिएको छ।

राष्ट्रिय गौरवको आयोजनाको काम पूरा गर्नका लागि कालीगण्डकी नदी उत्खनन गर्नुबाहेकका विकल्पबाट काम सक्न मुस्किल रहेको निर्माण सम्बद्ध व्यक्ति र स्थानीयको भनाइ छ।

माओवादीले आगामी नीति तथा कार्यक्रमका लागि सुझाव सङ्कलन गर्ने

रासस
काठमाडौं, २४ चैत

नेकपा (माओवादी केन्द्र) ले आगामी आर्थिक वर्षका लागि सरकारले ल्याउने नीति तथा कार्यक्रममा समेटिनुपर्ने विषयमा सुझाव सङ्कलन गर्नेभएको छ।

सरकारको नेतृत्व गरिरहेको सो पार्टीको कार्यालय पेरिसडाँडामा बसेको केन्द्रीय ३४ विभागका प्रमुखहरुसँगको बैठकमा पार्टी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नीति तथा कार्यक्रममा समेटिनुपर्ने विषयमा सुझाव माग गर्नुभएको थियो।

नीति तथा कार्यक्रमबारे पाँच दिनभित्र सुझाव दिन पार्टीका केन्द्रीय विभागका प्रमुखलाई आग्रह गरिएको पार्टी सचिव देवेन्द्र पौडेलले जानकारी दिनुभयो। आगामी आवको बजेट दीर्घकालीन रूपमा महत्व राख्ने बजेट ल्याउन लागेकाले आआफ्नो विभागका तर्फबाट सुझाव दिन आग्रह गरिएको उहाँको भनाइ छ।

उहाँले भन्नुभयो, "आगामी आवका लागि सरकारले ल्याउने नीति तथा कार्यक्रमबारे सुझाव सङ्कलनको काम चलिरहेको छ, हाम्रो पार्टीले पनि आफ्ना कमिटीलाई पनि सुझाव सङ्कलनका लागि आग्रह गरेको छ, प्राप्त सुझाव अध्ययन गरेर नीति तथा कार्यक्रममा समेटिने छ", उहाँले भन्नुभयो। विभागले विषय विज्ञलाई राखेर प्रधानमन्त्रीलाई लिखित रूपमा सुझाव दिने तयारी गरेका छन्।